# <u>साझेदारीमा दुध संकलन केन्द्र स्थापना (चिलिङ भ्याट सहित) कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७७</u>

साझेदारीमा दुध संकलन केन्द्र स्थापना (चिलिङ भ्याट सहित) कार्यक्रम कार्यान्वयन कार्यविधि (प्रथम संशोधन), २०७७ मिति २०७८/०६/१४

<u>प्रस्तावनाः</u> पशुपालन व्यवसायलाई व्यवस्थित, व्यवसायिक र आधुनिकिकरण बनाउँदै दूध उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषकको जिवनस्तर सुधार गर्न आवश्यक देखिन्छ। उत्पादित दुध स्वच्छ, स्वस्थ एवं गुणस्तरीय तवरले उपभोक्ता समक्ष उपलब्ध गराउन♦............ र दुध संकलन, भण्डारण तथा बजारीकरणलाई सरल, सहज, प्रभावकारी एंव व्यवस्थित रुपमा सञ्चालन गर्न प्रदेश एकिकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६, को दफा ४ उपदफा (२) ले दिएको अधिकार प्रदेश सरकार, बागमती प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले **"साझेदारीमा दुध संकलन केन्द्र स्थापना कार्यक्रम (चिलिङ भ्याट सहित) कार्यान्वयन कार्यविधि, २०७७"** बनाई लागू गरेको छ।

## परिच्छेद -१
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम **"साझेदारीमा दुध संकलन केन्द्र स्थापना (चिलिङ भ्याट सहित) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७"** रहने छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) **"आवेदक"** भन्नाले साझेदारीमा दुध संकलन केन्द्र (चिलिङ भ्याट सहित) स्थापना गर्न ईच्छुक भई प्रस्तावित कार्ययोजना सहित आवेदन पेश गर्ने निजी क्षेत्र/सहकारी संस्था/स्थानीय तहलाई सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले साझेदारीमा दुध संकलन केन्द्र स्थापना कार्यक्रम (चिलिङ भ्याट सहित) सम्वन्धी स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम सम्झनु पर्छ ।

(ग) **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(घ) **"दुध संकलन केन्द्र"** भन्नाले दुधलाई चिस्यान तथा तापक्रम नियन्त्रित अवस्थामा वा सुव्यवस्थित अवस्थामा सकंलन गरी राख्न प्रयोग गरिने भवनलाई सम्झनु पर्छ ।

(ङ) **"निजी क्षेत्र"** भन्नाले व्यावसायीक रुपमा दूध तथा दुग्धजन्य पदार्थ उत्पादन गर्ने उद्देश्यले नियमानुसार सम्बन्धित निकायमा दर्ता भई प्रस्ताव पेश गर्ने कृषि सहकारी, कम्पनि र कृषि फर्मलाई सम्झनु पर्छ ।

(च) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(छ) **"बोर्ड"** भन्नाले प्रदेश दुग्ध विकास बोर्ड सम्झनु पर्छ ।

(ज) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश सम्झनु पर्छ ।

(झ) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ४ बमोजिमको समिति सम्झनु पर्छ।

---

♦ प्रथम संशोधनद्वारा झिकिएको

(ञ) **"साझेदार संस्था"** भन्नाले छनौट भई प्रदेश दुग्ध विकास बोर्डसँग द्विपक्षिय सम्झौता गर्ने निजी/ सहकारी/स्थानीय तह सम्झनु पर्छ।

३. <u>उद्देश्यः</u> यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) दुधको गुणस्तर कायम राख्न,

(ख) ⊕बागमती प्रदेशका क्षेत्रहरुमा दुधको संकलन, भण्डारण तथा बजारीकरण लाई व्यवस्थित गर्न,

(ग) उपभोक्ता समक्ष स्वच्छ, स्वस्थ एवं गुणस्तरीय दुध उपलब्ध गराउन।

## परिच्छेद -२
## <u>संस्थागत व्यवस्था</u>

४. <u>मूल्याङ्कन समितिः</u>प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतका लागि प्रदेश दुग्ध विकास बोर्डमा पेश गर्न तपसिल बमोजिमको मूल्याङ्कन समिति रहने छः-

| | |
|---|---|
| निर्देशक वा निर्देशकले तोकेको अधिकृत, प्रदेश दुग्ध विकास बोर्ड | संयोजक |
| अधिकृत प्रतिनिधि, पशुपन्छी विकास महाशाखा, भू.व्य.कृ.स. मन्त्रालय | सदस्य |
| कानुन अधिकृत (सम्भव भएसम्म) | सदस्य |
| प्रमुख, प्रशासन शाखा, प्रदेश दुग्ध विकास बोर्ड | सदस्य |
| प्रमुख, खरिद एकाई, प्रदेश दुग्ध विकास बोर्ड | सदस्य सचिव |

<u>नोटः</u> समितिले आवश्यक ठानेमा बढिमा २ जना विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

५. <u>अनुगमन तथा मूल्याङ्कनः</u> यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय र प्रदेश दुग्ध विकास बोर्डले आवश्यकता अनुसार गर्न सक्नेछ ।

## परिच्छेद -३
## <u>कार्यक्रम सञ्चालन प्रकृया</u>

६. <u>कार्यक्रम सञ्चालनः</u> (१) ⊕यो कार्यक्रम सहकारी/निजि क्षेत्र/स्थानीय तहको लागत साझेदारीमा प्रदेशका जिल्लाहरुमा सञ्चालन गरिनेछ।

(२)♦..............................

(३) अनुदान रकम उपलब्ध हुने विवरण निम्नानुसार रहेको छ।

---

⊕ प्रथम संशोधनद्वारा संशोधित

⊕ प्रथम संशोधनद्वारा संशोधित

♦ प्रथम संशोधनद्वारा झिकिएको

| क.स. | कार्यक्रम विवरण | कार्यक्रम संचालन हुने जिल्ला | इकाई | अनुदान | कैफियत |
|---|---|---|---|---|---|
| १ | ⊕दुध संकलन केन्द्र स्थापना(भवन निर्माण, ५००-२००० लि क्षमताको चिलिङ भ्याट खरिद, चिलिङ भ्याट सञ्चालन गर्न आवश्यक औद्योगिक मिटर जडान र जेनेरेटर खरिद) | ⊕प्रदेश अन्तर्गतका जिल्लाहरु | - | ⊕स्वीकृत कार्यक्रमको अधिनमा रही कूल लागतको ५० % | चिलिङ भ्याट को स्पेसिफिकेशन दुग्ध विकास बोर्डले तय गर्नेछ। |

(४) कार्यक्रम बजेटको २ प्रतिशत कन्टिजेन्सी बापत कट्टा गरिनेछ र सो रकम बैठक, अनुगमन, निरीक्षण, इन्धन आदी कार्यमा खर्च गर्नेछ।

७. <u>प्रस्ताव आह्वानः</u> प्रदेश दुग्ध विकास बोर्डले यस कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकलाई लक्षित गरी प्रस्ताव पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा ३० दिनको म्याद राखी अनुसूचि -१ बमोजिम सूचना प्रकाशन गर्नेछ। माग अनुसारको प्रस्ताव नपरेमा प्रदेश दुग्ध विकास बोर्डले पुनः प्रस्ताव आह्वान गर्न सक्नेछ ।

८. <u>प्रस्ताव दर्ताः</u> कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकले अनुसूचि -२ बमोजिम आवेदन-पत्र, अनुसूचि -३ बमोजिमको प्रतिबद्धता पत्र, अनुसूचि-४ बमोजिमको व्यवसायीक कार्ययोजना र सूचनामा माग गरिएका कागजातहरु बोर्ड वा बोर्डले तोकेको कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

९. <u>प्रस्ताव सङ्कलनः</u> सम्बन्धित कार्यालयले दर्ता भएका सिलबन्दी प्रस्तावहरु सङ्कलन गरी यथाशिघ्र बोर्डमा पठाउनु पर्नेछ ।

१०. <u>आवेदकको छनौटः</u> छनौटको प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) मूल्याङ्कन समितिले अनुसूचि -५ बमोजिमको मापदण्डका आधारमा सहकारी/ निजी क्षेत्र/स्थानीय तहको छनौट गरी स्वीकृतीका लागि बोर्डमा पेश गर्नु पर्नेछ।

(ख) आवेदक संस्थाको प्रस्ताव छनौट बारे उजुरी गर्न ७ दिनको समय तोकिने छ।

११. <u>प्रस्तावकलाई जानकारीः</u> छनौट भएको आवेदक संस्थालाई बोर्डले निर्णय भएको मितिले सात दिन भित्र जानकारी दिनु पर्नेछ।

१२. <u>सम्झौताः</u> (१) प्रस्ताव स्वीकृत भएका आवेदक संस्थाले जानकारी प्राप्त गरेको १५ दिन भित्र अनुसूचि -६ बमोजिम सम्झौता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआएमा निकटतम वैकल्पिकसँग सम्झौता गर्न सकिने छ।

---

⊕ प्रथम संशोधनद्वारा संशोधित

(३) सम्झौता पश्चात साझेदारले अग्रिम रुपमा बोर्डको विविध बैंक खातामा लागत साझेदारी बापतको रकम जम्मा गर्नेछ ।

(४) रकम जम्मा भए पश्चात बोर्डले आवश्यक यन्त्र उपकरणहरुको specification तयार गरि भवन निर्माणको लागि सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को अधिनमा रही खरिद प्रक्रिया अघि बढाउनेछ।

(५) खरिद भएका उपकरणहरु तथा निर्माण भएका भवन सम्झौता अनुरुप साझेदार संस्थालाई बोर्डले वितरण गर्नेछ।

## परिच्छेद -५
## मापदण्ड

१३. **साझेदार संस्थाले पालना गर्नुपर्ने विषयहरु** (१) साझेदार संस्थाले यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछः-

(क) पचास प्रतिशत लागत साझेदारीमा चिलिङ भ्याट सहितको दुध संकलन केन्द्र स्थापना गर्न साझेदार संस्था प्रतिवद्ध हुनु पर्नेछ ।

(ख) आफ्नै स्वामित्वमा जग्गा भएका साझेदार संस्थालाई प्राथमिकता दिईनेछ । सो नभए साझेदार संस्थाको लगानीकर्ता वा निजी जग्गा कम्तीमा ५ वर्षको लागि भाडामा लिएको हुनु पर्नेछ ।यस्तो जग्गा कम्तीमा १ कठ्ठा हुनु पर्नेछ ।

(ग) पूर्वाधार (बाटो, पानी, बिजुलीको समुचित व्यवस्था भएको), व्यवसायको सम्भाव्यता, कच्चा दुधको उपलब्धता (कम्तिमा दैनिक २०० लि. दुध संकलन हुनपर्ने) आदिको अध्ययन गरि प्रस्तावकलाई प्राथमिकता दिनु पर्नेछ ।

(घ) दुध सकंलन केन्द्रमा कम्तिमा दुध संकलन काउन्टर, दुध चिस्यान कक्ष (⊕कम्तिमा ५००-२००० लि क्षमताको चिलिङ भ्याट अट्ने)

(ङ) दुध संकलन केन्द्र स्थापना गर्दा कृषकलाई पायक पर्ने स्थान, बाह्रै महिना सवारी साधन चल्न सक्ने सडकको व्यवस्था भएको र खान योग्य पानी पर्याप्त मात्रामा उपलब्ध (कम्तीमा १००० लि. क्षमता भएको पानी ट्याङ्की) भएको हुनुपर्नेछ ।

(च) साझेदार संस्थाले दुध संकलन केन्द्र स्थापना गर्न आवश्यक पर्ने अन्य प्रचलित ऐन/नियम पालना गरेको हुनु पर्नेछ।

(छ) ♣साझेदारले यस कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको वा अनुदान दुरुपयोग गरेमा वा यन्त्र उपकरणहरुको दुरुपयोग गरेमा त्यस्ता साझेदारलाई प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित असुल उपर गरिनेछ र २ वर्षसम्म प्रदेश सरकारवाट सञ्चालन हुने अनुदानको कार्यक्रममा समावेश गरिने छैन ।

---

⊕ प्रथम संशोधनद्वारा संशोधित

♣ प्रथम संशोधनद्वारा थप गरिएको

१४. <u>प्रगति प्रतिवेदनः</u> साझेदार संस्थाले चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश दुग्ध विकास बोर्ड वा बोर्डले तोकेको कार्यालयमा पठाउनु पर्नेछ ।

१५. <u>संशोधनः</u> यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

१६. <u>प्रचलित कानून बमोजिम हुनेछः</u> ⊕यस कार्यविधिमा उल्लेख भएका बुदाँहरु प्रचलित कानूनसगँ बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ।

⊕ प्रथम संशोधनद्वारा संशोधित

अनुसुची -१
(दफा ७ सँग सम्बन्धित)
<u>प्रस्ताव आह्वान</u>
प्रथम पटक प्रकाशित मितिः ...............

⊕भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश, हेटौंडा अन्तर्गत प्रदेश दुग्ध विकास बोर्डको आ.व. ....... को स्वीकृत वार्षिक कार्यक्रम **साझेदारीमा दुध संकलन केन्द्र (चिलिङ भ्याट सहित)** कार्यान्वयन कार्यविधि, २०७७ अनुसार दुध संकलन केन्द्र स्थापना (भवन निर्माण, चिलिङ भ्याट खरिद, चिलिङ भ्याट सञ्चालन गर्न आवश्यक औद्योगिक मिटर जडान र जेनेरेटर खरिद) गर्न बागमती प्रदेश अन्तर्गत जिल्लाका निजी क्षेत्र/सहकारी संस्था/स्थानीय तहहरुले यो सूचना प्रकाशित भएको मितिले तीस दिनभित्र प्रदेश दुग्ध विकास बोर्डमा देहाय बमोजिमका कागजात सहित प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

(१) आवेदन साथ निजी क्षेत्र/ सहकारी संस्था सञ्चालक समितिको बैठकले साझेदारीमा दुध संकलन केन्द्र (चिलिङ भ्याट सहित) स्थापना गर्न गरेको निर्णय प्रतिलिपी,
(२) अनुसूचि-२ बमोजिमको आवेदन-पत्र,
(३) अनुसूचि-३ बमोजिमको प्रतिबद्धता-पत्र,
(४) अनुसूचि-४ बमोजिम व्यवसायिक कार्ययोजना,
(५) कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रमाणित प्रतिलिपी,
(६) भाडामा लिएको जग्गाको हकमा कम्तिमा ५ वर्षको करारनामा वा सम्झौता गरिएको पत्र,
(७) निजी क्षेत्र/सहकारी संस्था दर्ता प्रमाणित प्रतिलिपि,
(८) स्थायी लेखा नम्बर दर्ता प्रमाणित प्रतिलिपि,
(९) प्रस्तावित साझेदारीमा दुध संकलन केन्द्र (चिलिङ भ्याट सहित) स्थापना गर्न अन्य निकायबाट अनुदान लिए/नलिएको प्रमाणित गर्ने कागजात,
(१०) प्रस्ताव अनुसारको डिजाइन ।
(११) *प्रस्तावमा उल्लेखित एउटै प्रयोजनको लागि नेपाल सरकार/प्रदेश सरकार /स्थानीय तह अन्य संघ संस्थाबाट सोही कामको लागि सहयोग लिए नलिएको स्वघोषणपत्र पेश गर्नु पर्नेछ,

⊕ प्रथम संशोधनद्वारा संशोधित
* प्रथम संशोधनद्वारा थप गरिएको

अनुसूचि -२

(दफा ८ सँग सम्बन्धित)

## आवेदन पत्र

मितिः

श्रीमान् निर्देशक ज्यू,
प्रदेश दुग्ध विकास बोर्ड,
बागमती प्रदेश, हेटौंडा मकवानपुर ।

मार्फत,
श्री भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र,
... ... ... ... ... ... ...

विषयः प्रस्ताव पेश गरिएको बारे ।

महोदय,

तहाँ प्रदेश दुग्ध विकास बोर्ड, बागमती प्रदेशबाट मिति ........... गते ...... ... राष्ट्रिय पत्रिकामा प्रकाशित निजि क्षेत्र/ सहकारी संस्था/ स्थानीय तहसँगको पचास प्रतिशत लागत साझेदारीमा दुध संकलन केन्द्र (चिलिङ भ्याट सहित) स्थापना सम्बन्धी प्रस्ताव आह्वान गरे अनुसारको कार्यक्रममा साझेदारी गर्न ईच्छुक भई अनुसूचि-३ अनुसारको कागजात यसैसाथ संलग्न गरी आवश्यक कारबाहीको लागि आवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

आवेदक
दस्तखतः
मितिः
नामथरः
पदः
संस्थाको छापः

अनुसूचि -३
(दफा ८ सँग सम्बन्धित)
<u>प्रतिवद्धता-पत्र</u>

मितिः

श्रीमान् निर्देशक ज्यू,
प्रदेश दुग्ध विकास बोर्ड,
बागमती प्रदेश, हेटौंडा मकवानपुर ।
मार्फत,
श्री भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र,
... ... ... ... ... ... ...

**विषयः** <u>लागत साझेदारी गर्ने प्रतिवद्धता सम्बन्धमा ।</u>

महोदय,

तहाँ प्रदेश दुग्ध विकास बोर्डको मिति ......... गते ......... राष्ट्रिय पत्रिकामा निजि क्षेत्र/ सहकारी संस्था/ स्थानीय तह सँगको लागत साझेदारीमा दुध संकलन केन्द्र (चिलिङ भ्याट सहित) स्थापना गर्ने सम्बन्धी प्रस्ताव आह्वान गरिए अनुसार हाम्रो निजि क्षेत्र/ सहकारी संस्था/ स्थानीय तहले कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावित कुल लागत रु. ...............को पचास प्रतिशतले हुन आउने रकम रु. ... ... ... ...मध्ये अन्य निकायबाट रु. ..............अनुदान प्राप्त हुने भएकोले नपुग रकम रु. ......(अक्षरुपी रुपैयाँ ........................... ... मात्र।-) हाम्रो संस्थाकै आन्तरिक श्रोतबाट व्यहोर्ने निजि क्षेत्र/ सहकारी संस्था/ स्थानीय तह सञ्चालक समितिको निर्णय भएको हुँदा लागत साझेदारी गर्ने प्रतिवद्धता जाहेर गर्दछु/गर्दछौं।

**<u>जिम्मेवार पदाधिकारीको</u>**
**हस्ताक्षरः**
**मितिः**
**नामथरः**
**पदः**
**संस्थाको छापः**

अनुसूचि -४

(दफा ८ संग सम्बन्धित)

**व्यवसायिक कार्ययोजना**

| | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नामः | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगानाः | |
| ३ | आवदेकको नामः | |
| ४ | ठेगानाः | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं./ मोवाइल नं : | |
| ६ | आवेदक संस्थाको दर्ता नम्बरः | |
| ७ | दर्ता भएको निकाय र दर्ता मितिः | |
| ८ | आवेदक संस्था (दर्ता वा स्थापना पश्चातको अवधी वर्षमा): | |
| ९ | स्थायी लेखा नम्बर(PAN) दर्ताः | |
| १० | दूध संकलन परिमाण (लि.) विवरण (दैनिक) ..................................................................................................... | |
| ११ | संकलन केन्द्र स्थापना गरिने स्थलको कूल क्षेत्रफलः | |
| १२ | प्रस्तावित कार्यक्रमकोअनुमानित लागत रु. | |
| १३ | आवेदकलेआफ्नै श्रोतबाट व्यहोर्ने रकम रु. | |
| १४ | प्रदेश दुग्ध विकास बोर्डसगँ माग गरेको रकम रु. | |
| १५ | प्रस्तावित कार्यक्रमको उद्देश्यः | |
| १६ | आर्थिक प्रस्ताव | |
| १७ | समय तालिका | |

उल्लेखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छु/छौं । । कहिं कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु/छौं।

**जिम्मेवार पदाधिकारीकोः**

नामः

पदः

हस्ताक्षरः

मितिः

साझेदार संस्थाको छाप

अनुसूचि -५

(दफा १० को खण्ड (क) सँग सम्बन्धित)

<u>मूल्याङ्कन फारम</u>

१. जिल्लाः

२. आवेदक संस्थाको नामः

३. कार्यक्रम सञ्चालन स्थलको ठेगानाः

४. प्रस्तावित कार्यक्रमको नामः

५. स्थलगत अनुगमन गरिएको मितिः

६. मूल्याङ्कनका आधारहरुः

| क्र.सं. | विवरण | भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था** | २० | |
| १.१ | सडक सुविधा भएको | ४ | |
| १.२ | बिजुली सुविधा भएको | ३ | |
| १.३ | पानीको सुविधा भएको | ३ | |
| १.४ | जग्गाको स्वामित्व | ५ | |
| १.४.१ | आफ्नै भएको | ५ | |
| १.४.२ | सेयर होल्डरको नाममा जग्गा भएको | ३ | |
| १.४.३ | भाडामा जग्गा लिएको | २ | |
| १.५ | जग्गाको क्षेत्रफल | ५ | |
| १.५.१ | २ कठ्ठा | ३ | |
| १.५.२ | २ कठ्ठा भन्दा बढि | ५ | |
| २ | **दैनिक दुध संकलन परिमाण (लिटर)** | १० | |
| २.१ | दैनिक ५०० लि भन्दा बढि भएमा | १० | |
| २.२ | दैनिक २००- ५०० लि सम्म भएमा | ८ | |
| ३ | **वित्तिय क्षमता** (साझेदारीको प्रतिबद्धता सामेल भएको/नभएको) | १० | |
| ४ | **रोजगारीको अवस्था** | १० | |
| ४.१ | कम्तीमा ३ जना | ८ | |
| ४.२ | ३ जना भन्दा माथि | १० | |
| ५ | **दुध उत्पादक/पशुपालक कृषक संख्या (आवद्ध)** | १० | |
| ५.१ | ५० भन्दा माथि | १० | |

| | | | |
|---|---|---|---|
| ५.२ | ३५-४९ सम्म | ८ | |
| ५.३ | २४ भन्दा कम | ६ | |
| ६ | **प्रस्तावकको लागत साझेदारी** | **१५** | |
| ६.१ | कूल लागतको ६०% भन्दा बढि | १५ | |
| ६.२ | ५०% देखि ५९% सम्म | १० | |
| ७ | **वातावरणिय उपयुक्तता** | **१०** | |
| ७.१ | उत्तम | १० | |
| ८.२ | सामान्य | ५ | |
| ८ | **विगत (३ वर्ष) मा अनुदान लिएको/नलिएको** | **५** | |
| ८.१ | लिएको | ० | |
| ८.२ | नलिएको | ५ | |
| ९ | **स्वीकृत कार्यविधि अनुसारको थप आधार** | **१०** | |
| ९.१ | प्राविधिक तथा आर्थिक प्रस्तावको गुणस्तर | **५** | |
| ९.१.१ | उत्तम | | |
| ९.१.२ | सामान्य | | |
| ९.२ | व्यवसायिक कार्ययोजना | **५** | |
| ९.२.१ | उत्तम | | |
| ९.२.२ | सामान्य | | |

<u>नोटः</u> मूल्याङ्कनको क्रममा न्यूनतम ५० अङ्क भन्दा बढी अङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गरिनेछ।

**स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरुः**

क)

ख)

**७. स्थलगत अनुगमन टोलीको रायः**

| **क्र.सं.** | **पद** | **नामथर** | **राय** | | | **दस्तखत** |
|---|---|---|---|---|---|---|
| | | | **हुन्छ** | **सुझाव सहित हुन्छ** | **हुदैन** | |
| १ | | | | | | |
| २ | | | | | | |

**नोटः** हुन्छ/ सुझाव सहित हुन्छ/ हुदैन भन्ने स्पष्ट कारण दिनु पर्नेछ । कारणहरुः

१.

२.

अनुसूचि -६
(दफा १२को उपदफा (१)सँग सम्बन्धित)
<u>द्विपक्षिय संझौता-पत्र</u>

प्रदेश दुग्ध विकास बोर्ड, बागमती प्रदेश, हेटौंडाको आ.व. ...... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत निजि क्षेत्र/सहकारी संस्था/स्थानीय तह सँगको पचास प्रतिशत लागत साझेदारीमा दुध संकलन केन्द्र (चिलिङ भ्याट सहित) स्थापना सम्बन्धी मिति ......... गतेको ......... राष्ट्रिय/स्थानीय पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये श्री... ......... को प्रस्ताव छनौट भएको हुँदा प्रदेश दुग्ध विकास बोर्ड (यसपछि प्रथम पक्ष भनिने) र श्री ... ... ... ... ... ... ... ...... (यसपछि दोस्रो पक्ष भनिने) बीच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी साझेदारीमा दुध संकलन केन्द्र (चिलिङ भ्याट सहित) स्थापनाका लागि द्वि-पक्षिय सम्झौता गरी बुझिलियौं/दियौं।

<u>तपशिलः</u>

(१) प्रथम पक्षले साझेदारीमा दुध संकलन केन्द्र (चिलिङ भ्याट सहित) स्थापना सम्बन्धी कार्यक्रमको लागि कुल लागत अनुदान वापत रु. ... ... ... ... ... मध्येको २ प्रतिशत कन्टिन्जेन्सी कट्टा गरी दोस्रो पक्षलाई रु. ... ... ... ... ... (अक्षरुपी रुपैंयाँ ... ... ... ... ... ... ... .. ...) अनुदान/सामग्री सहयोग प्रदान गर्नेछ।

(२) दोश्रो पक्षले आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट/प्यान बिल, दाखिला प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा मनासिव ठहरेमा अनुदान रकमको भुक्तानी प्रथम पक्षले बैंक खाता मार्फत गर्नेछ ।

(३) दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव-पत्र अनुसारको डिजाईन, ईष्टिमेट र सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समयभित्र सम्पन्न गर्नेछ।

(४) कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईष्टिमेट, खरिद, ढुवानी, संचालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

(५) प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह/सुझावदिन सक्नेछ।

(६) दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नु पर्नेछ।

(७) कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

(८) दोस्रो पक्षले नियमित रुपमा कार्यक्रमको चौमासिक प्रगति प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(९) कार्यक्रम सञ्चालनका दौरानमा कुनै विषय हेरफेर वा परिमार्जन गर्नुपरेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

(१०) सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

| दोस्रो पक्षको तर्फबाटः | प्रथम पक्षको तर्फबाटः |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | मन्त्रालयः |
| संस्थाकोछापः | मन्त्रालयको छापः |

**रोहवर**

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | कार्यालयः |
| संस्थाको छापः | कार्यालयकोछापः |

**इति सम्वत् ............... साल ................. महिना ......... गतेरोज ........ शुभम्।**